महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६

च.नं. २७२

मितिः २०७५/१२/२९

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

श्री प्र.प्र.अ.ज्यू
यो पत्र दर्ता गरी
दिनु । (अध्यक्ष)
२०७६/२/६

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुली ।

घ्याङलेख गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं. :- ४ ९५
मितिः- २०७६/२/८

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

....
(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलत: पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७५।०७६
च.नं.: १५५

मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
घ्याङ्लेख गाँउपालिका,
सिन्धुली ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट घ्याङ्लेख गाँउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.४६ लाख २२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२४ लाख ९२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७ लाख ८० हजार र पेश्की रु.१३ लाख ५० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १६ यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

२०७५।१२।१२

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

घ्याङ्गलेख गाँउपालिका
लेखापरीक्षण प्रतिवेदन

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । ३ नं. प्रदेशमा अवस्थित यो गाँउपालिका अन्तर्गत ५ वडा, १ प्रतिनिधिसभा सदस्य र १३५८० जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष : आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	अनुसूची	रकम		विवरण	अनुसूची	रकम
१	**गत वर्षको जिम्मेवारी**			१	**वित्तिय समानिकरण तर्फको चालु खर्च**	४	२२२३२२५६.६२
	क) नगद			२	**वित्तिय समानिकरण तर्फको पूँजीगत खर्च**	४	७१७१२६८९.१२
	ख) बैंक	१	६०८६१९४.२२	३	**वित्तीय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**				क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व		६३९६१५.५०		ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड			४	**लगानी**		
३	**वित्तीय हस्तान्तरण**				ऋण लगानी		
	क)वित्तीय समानीकरण अनुदान		१३४४९४०००.००	५	**धरौटी बाँकी**		
	ख) सशर्त अनुदान	२	६५२५००००.००	६	**कोष खर्च**		
४	**सामाजिक सुरक्षा अनुदान**		१९३३४०००.००		**सशर्त अनुदान तर्फको खर्च**	२	५९१६२४३५.८०
				७	**अन्य विविध खर्च**		
५	**साना सिंचाई कार्यकम**				सर्शत अनुदान तर्फ को.ले.नि.का.फिर्ता		६०८७५६४.२०
	सोझै भुक्तानी अनुदान SDC		६३६०००.००	८	**सामाजिक सुरक्षा अनुदान**		१६८२०४००.००
६	स्थानीय शासन तथा सामुदायिक बिकास				सामाजिक सुरक्षा अनुदान फिर्ता		२५१३६००.००
	(क) चालु		४६००००.००		**स्थानीय शासन तथा सामुदायिक बिकास**		
	(ख) पुँजिगत		६०००००.००		(क) चालु		३६००००.००
७	**विभिन्न कोषतर्फको आय**				(ख) पुँजीगत		६०००००.००
८	**जनसहभागिता (नगद)**				(ग) फिर्ता		१०००००.००
९	**विषयगत निकायबाट प्राप्त रकम**			९	**अन्य बिविध आय**		
१०	**धरौटी आय**				जिल्ला समन्वय समिति		२५९०४३.००
११	**लगानीको साँवा फिर्ता**			८	**मौज्दात**		
१२	**अन्य विविध आय**				क) नगद मौज्दात		
	जिल्ला समन्वय समिति		३४९३७५.००		ख) बैंक मौज्दात	१	४८००११९५.९८
	जम्मा		२१९१४८०२०.५२		**जम्मा**		२१९१४८०२०.५२

घ्याङ्गलेख गाँउपालिका, सिन्धुली

दफा	विवरण	रकम
	यस गाँउपालिकाको आर्थिक कारोबारसंग सम्बन्धित आर्थिक विवरण एवं स्रेस्ताहरुको लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अर्न्तराष्ट्यि मानदण्ड तथा मार्गदर्शनको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापनपक्षसँग छलफल गरी मिति २०७५।१०।१३ मा जानकारी गराए पश्चात कायम भएका व्यहोराहरु निम्नानुसार छन् ।	
१	**सेवा प्रवाहः** नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनाबद्ध सहभागितामुलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक कियाकलाप सञ्चालन गरेको छ । दरबन्दी अनुसार बिषयगत कर्मचारीको अभावको कारण स्थानीय जनताले सेवा प्राप्त गर्न कठिनाई भएको छ । स्थानीय स्रोत र साधनको परीक्षण हुन नसकेको, आन्तरीक स्रोत न्युन रहेको, सबै खर्च नेपाल सरकारमा भर पर्नुपरेको देखिदा स्थानीय जनताले अपेक्षित लाभ प्राप्त गर्न सकेको देखिएन ।	
२	**आन्तरिक नियन्त्रण प्रणालीः** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, समितिको कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार गर्ने नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, स्विकृत दरबन्दी अनुसार कर्मचारी नरहेको, पेश्की समयमा फछ्र्यौट नगरेको आदि कमीकमजोरी देखिएका छन् । कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले कार्य सम्पादनमा नियन्त्रण, मितव्ययी र पारदर्शी नहुने हुदाँ सो प्रणाली मजवुत र भरपर्दो बनाउनु पर्ने देखिन्छ ।	
३	**कन्टेन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम ७ मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसुची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क स्टार्फ चार्ज २.५ प्रतिशत र सानातिना अन्य कार्यको २.५ समेत ५ प्रतिशत कन्टेन्जेन्सी बापत थप गर्न सक्ने व्यवस्था छ । कन्टेन्जेन्सी खर्च सम्बन्धमा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको च.नं.१६२ मिति २०७०।१।२४ को परिपत्र अनुसार कार्यालयको लागि अनुमान समोवश गरिने ५ प्रतिशत कन्टेन्जेन्सी मध्ये २ प्रतिशत रकम आवश्यकता अनुसार फर्निचर, सवारी साधन, मेशिनरी औजार, सफ्टवेयर निर्माण जस्ता पुँजीगत खरिद तथा निर्माण शीर्षकमा अर्थ मन्त्रालयको सहमती लिई खर्च गर्नुपर्ने र बाँकी ३ प्रतिशत रकमबाट कार्यालय सामान, ज्यामी ज्याला, ईन्धन सञ्चार, भ्रमण खर्च, सवारी साधन मर्मत तथा विविध खर्च गर्न सकिने र त्यस्तो खर्चको स्पष्ट अभिलेख राख्नुपर्नेमा गाँउपालिकाले त्यसरी पुँजीगत र चालु खर्चको सीमा भित्र रही खर्च गरेको र अभिलेख स्पष्ट गरी राखेको देखिएन । कन्टेन्जेन्सी रकमबाट पुँजीगत र चालुखर्चमा अर्थ मन्त्रालयको परिपत्र अनुसार नियमको उल्लेखित व्यवस्थामा नबढ्ने गरी कमश २ प्रतिशत र ३ प्रतिशत को सिमा भित्र रही खर्च गर्न कन्टेन्जेन्सी खर्चको मापदण्ड र खर्चको आधार स्पष्ट गरी कार्यविधि बनाई योजनागत रुपमा खर्च लेखाङ्कन गर्ने व्यवस्था मिलाई भए गरेको खर्चलाई नियमसँगत, मितव्ययी, मापनयोग्य र पारदर्शी बनाउन ध्यान दिनुपर्दछ ।	
४	**पेश्की व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने र फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । कार्यालयमा पेश्की रकमको बिल भर्पाई सहितको विवरण प्राप्त भएपछि ७ दिन भित्र फछ्र्यौट गरी सक्नूपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न बजेट शीर्षक लगायत दिएको कार्यक्रम पेश्की,	

दफा	विवरण	रकम
	कार्यक्रम सकेपश्चात तुरुन्त फछ्र्यौट नगरी अधिकांश पेश्की आर्थिक बर्षको अन्तमा फछ्र्यौट गरेको छ । साथै पेश्की माथि पेश्की दिने र पेश्की उपलब्ध गराउँदा कार्यक्रम र सोमा लाग्ने रकमको लागत अनुमान तयार नगरी पेश्की लिनेदिने गरेको समेत देखिएको छ। यसमा नियमानुसार सुधार हुनु पर्दछ।	
५	**श्रोतअनुमान तथा वजेट सीमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा गाँउपालिकाले उपरोक्त कार्य गरेको छैन ।	
६	**लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गनुपर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रिय स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । प्रगति बिवरण बेगर कार्यकमको उपलब्धि मापन गर्ने आधार नहुने हुदा नियम अनुसार प्रगति बिवरण तयार गरी पेश गर्नुपर्दछ ।	
७	**राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन,२०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ।	
८	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ ज्ञणअनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
९	**स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
१०	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको	

दफा	विवरण	रकम
	अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
११	**स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।	
१२	**उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन ।	
१३	**कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । सो बमोजिम स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले कर्मचारी कल्याण कोषको लागि रकमको व्यवस्था गरेको छैन ।	
१४	**लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउँपालीकाले कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ ।	
१५	**वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन ।	
१६	**व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा गाउँपालिका भित्र कर योग्य कारोबार गर्ने व्यवसायिको लगत राख्ने कार्य समेत गरेको देखिएन ।	
१७	**विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै नगरपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । तर गाँउपालिकाले कारोबारको लेखा (SUTRA) प्रयोग गरेको देखिएन ।	
१८	**सार्वजनिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बर्ष भरी प्रवाह गरेको सेवा तथा खर्चको सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गरेको छैन । ऐन नियमको पालना गर्नुपर्दछ ।	

दफा	विवरण	रकम
१९	**राजश्वको अभिलेख:** गाँउपालिकाको पाँच वडामा र गाँउपालिका कार्यालयबाट राजस्व सकंलन गर्ने गरेको छ । गाँउपालिकाले उपलब्ध गराएको बिवरण अनुसार यसबर्ष बिभिन्न शिर्षकबाट रु ६,३९,६१५।५० राजस्व आन्तरिक आय प्राप्त भएको देखियो ।गाँउपालिकाले राजस्व अभिलेख राखेको छैन । लेखापरीक्षणको लागि श्रेस्ता माग गर्दा बैंक स्टेटमेन्टको आधारमा राजस्व अभिलेख तयार गरेको गाँउपालिकाले जानकारी दिएको छ । यसबाट राजस्वको आम्दानी बास्तबिक भए नभएको एकिन गर्न सकिएन । सबै वडाहरुलाई राजस्वको अभिलेख राख्न लगाई कारोबार तथा अभिलेखको आधारमा राजस्वको मासिक एंवम बार्षिक बिवरण तयार गर्ने तर्फ गाँउपालिकाको गम्भिर ध्यान जानुपर्ने देखियो ।	
२०	**विल बिजक :** परीक्षण गरिएका अधिकांश योजनाका फाँटवारीमा निर्माण सामाग्री प्रयोग हुने (जस्तै जस्तापाता, काठ,ग्याविन तार, सिमेण्ट,रड आदि) योजनामा पनि सम्झौता अनुसारको वा बढी रकमको मष्टर रोल बाट मेसिनले काम गरेको र रकम बुझेको भर्पाई संलग्न गरी रकम भुक्तानी दिने गरेको छ । निर्माण सामाग्री लाग्नेमा वास्तविक निर्माण सामाग्रीको परिमाण र मूल्य खुलाई नापी गर्ने र मानिसको श्रमको सोही अनुसारको दर विश्लेषणको आधारमा ठेक्का विल तयार गर्नुपर्नेमा सम्झौता रकम बराबर मष्टररोलमा रकम बुझाएको भर्पाई र केही आंशिक विल सम्म राखी रकम भुक्तानी गर्नु उचित भएन । यसबाट निर्माण कार्यको बास्तविकता र विश्वसनियता देखिएन ।	
२१	**पुंजीगत खर्चः** गाँउपालिकाले उपलब्ध गराएको बिवरण अनुसार यस आर्थिक बर्षमा पुंजीगत खर्च रु.९,९५,११,५९०।०० खर्च भएको देखियो । पुंजीगत खर्च मध्ये सडक निर्माण, सिंचाई खानेपानी, बिद्यालय मर्मत तथा फर्निचर, सामुदायिक भवन निर्माण जस्ता ११८ गोटा योजनामा रु.५,९३,२५,०००।०० खर्च भएको छ । उक्त खर्च मध्ये ६२ गोटा सडकको ट्याक खोल्ने सडक स्तरोन्नती कार्यमा रु.४,२९,२९,८९२।०० अर्थात ७२.३६ प्रतिशत खर्च भएको देखियो । यसबाट गाँउपालिकाको पुंजीगत बजेटको ठुलो अंश सडक तर्फ खर्च भएको छ। गाँउपालिकाले पुंजीगत खर्च गर्दा प्राथमिकतामा राखी उच्चतम उपलब्धि हासिल हुनेगरी योजना छनौट गर्नुपर्ने देखियो ।	
२२	गाँउपालिकाले छनौट गरेको अधिकांश योजना सडक निर्माणसँग सम्बन्धित छन । केही योजना छनौट गरी श्रेस्ता परीक्षण गर्दा अधिकांश योजनामा बाटो निर्माण गर्दा एक्सभेटर प्रयोग गरेको देखियो । उपभोक्ताले बि.ओ.क्यु. आईटममा अधिकांशमा नरममाटो, कडामाटो, नरम चट्टान मध्यम स्तरको चट्टान काट्ने आईटम राख्ने र सोही काम गरेको बिल तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी रकम भुक्तानी लिएका छन । उपभोक्ताले सामान्यतया बाटो निर्माण गर्दा बाटोको ड्रेन तयार नगर्ने, टेवा पर्खाल नलगाउने, पानी कटाउन ह्युमपाईप प्रयोग नगर्ने गरेको देखियो । ईन्जिनियरबाट लागत अनुमान तयार गर्दाको अवस्थामा कामको गुणस्तर र दिगो राख्न उपयुक्त कुरामा ध्यान दिएको देखिएन यसबाट बर्षेनी बाटो बनाउने र बर्षातको पानीले बाटो मोटर हिड्न योग्य नहुने देखियो । यसतर्फ गाँउपालिकाको बिशेष ध्यान जार्नुपर्ने देखियो ।	
२३	**एक्साभेटरको प्रयोगः** गाँउपालिकाले उपलब्ध गराएको बिवरण तथा श्रेस्ता परीक्षण गर्दा ६२ गोटा बाटोको योजनामा उपभोक्ताको योगदान बाहेक रु.४,२९,२९,८९२।०० खर्च भएको छ । उक्त खर्च मध्ये सिमित संख्यामा रहेका एक्साभेटर मालिकहरुले बर्षभरी रु.२६७७७०००।०० रकम बुझेका छन । परीक्षण गरिएका हरेक एकस्टाभेटर मुल्य अभिबृद्धि करमा दर्ता भएका कंम्पनीमा रहेको श्रेस्तापरीक्षण गर्दा देखियो । मुल्य अभिबृद्धि करमा दर्ता भएको कम्पनीले मुल्य अभिबृद्धि कर	

दफा	विवरण	रकम
	ऐन,२०५२ को दफा १७ अनुसारको कर बिजक जारी गर्नुपर्दछ । तर कम्पनीहरुले दोस्रो व्यक्ति खडा गरी एक्साभेटर भाडामा दिने र भाडामा लिने व्यक्तिले सेतो कागजमा भरपाई दादै गरी रकम भुक्तानी लिने कार्यले भुक्तानीमा भाडा करकट्टी गरेपनि नेपाल सरकारले प्राप्त गर्ने मुल्य अभिबृद्धि कर एंवम अग्रिम कर छुट हुन गएको देखियो । यस सम्बन्धमा गाँउपालिकाबाटै छानबिन गरी छुटकर रकम एकिन गर्नुपर्दछ । केही उदाहरण निम्न अनुसार छन ।	

भौ.नं.।मिति	उपभोक्ता समितिको नाम	लागत अनुमान	गाँउपालिकाबाट भुक्तानी	एक्साभेटर भाडा	भुक्तानी लिने पार्टी
५/०७४/१० /९	जुगेपानी सुन्दर मदामास लेक सिमाल चैनपुर	२५२००५१.००	२०१६०००.००	१६५३०००.००	डवाकोट कन्स्ट्रक्सन(श्याम कुमार कर्माचार्य)
१४/०७४/१२/१४ ५३/०७५/२/७	पाखुरे फेदी रामपुर मोटारबाटो शान्तेश्वरी मोटर उ.स.	१६८०३९१.४४	१३१७९८४.००	१४७३२५०.००	डवाकोट कन्स्ट्रक्सन(श्याम कुमार कर्माचार्य)
१६/०७४/१२/१५ ४८/०७५/२/२५	कोल्टार गुरासे मोटरबाटो नि.उ.स.	१२०००१८.००	९३५१३८.००	५९१३००.००	ईन्टरनेशनल कन्स्ट्रक्शन बुद्धीमान स्याङताङ
४३/२०७५/२/२	सुकाचरी भिरगाँउ सडक निर्माण तथा स्तरोन्नती उ.स.	२१६०२२२.००	१७२७९६६.००	११९६०००.००	जीत बहादुर भोलन
४६/०७५/२/२	छरछरे बाटो निर्माण उ.स.	७२०३८३.००	५६८०००.००	७१११८०.००	राफ कुमार बम्जन
६७/०७५/२/२	जुँगेपानी गौरी भञ्ज्याङ्ग पहरी लेख रामपुरडाडा	२१६००८०.००	१७२४१५०.००	१५४९७७३.००	दुवाकोट कन्स्ट्रक्शन(इन्द्र कमल श्रेष्ठ)
८१/०७५/३/६	रामपुर बेलबोट लाखाङ्ग सडक नि.उ.स.	१४४००४०.००	१०३७५३९.००	११५५०००.००	वतास कन्स्ट्रक्शन (शंकरमान धलान)
९५/०७५/२/१६	मझुवा मोटरबाटो निर्माण उ.स.	१२०११३७.००	९३५०२९.००	६१००००.००	भद्रकाली बिल्डर्स(शंकरमान धलान)

दफा	विवरण	रकम

१३५/०७५/३/२४	बन्दीपुर प्रा.बि. देखि बन्दीपुर गाँउसभा मोटरबाटो उ.स.	१२०००१३.००	९५७८०८.००	७८९०००.००	भद्रकाली बिल्डर्स(शंकरमान धलान)
१५५/०७५/३/२५	सोलाम भञ्ज्याङ्ग आहालडाडा सडक निर्माण उ.स.	९३६०७७.००	७४४५३६.००	९०७९२०.००	वतास कन्स्ट्रक्शन(छविलाल स्याङताङ)

२४ गाँउपालिका र उपभोक्ता विच सडक निर्माण गर्नका लागि शुरु संम्झौता गर्दाको अनुसारकै काम गराई सोही सम्झौता अनुसार गरेको कामको नापजाँच गरी रकम भुक्तानी दिनुपर्दछ । यदि बि.ओ.क्यु.मा तोकिएको काम भन्दा बढी काम गर्नुपरेमा वा कुनै काम गर्न नसकिने भएमा पुन: रिभाईज ईष्टिमेट गरेर काम गराउनु पर्दछ । परीक्षण गरिएका केही निर्माण कामको उपभोक्ताले सजिलो कामको तोकिएको आईटम भन्दा बढी परिमाण काम गराई सोही परिमाणको बिल एंव कार्य सम्पन्न प्रतिवेदनको आधारमा संम्झौता अनुसारकै रकम भुक्तानी लिएको देखियो । यसबाट निर्माण गरिने बाटोको बाटो खन्ने, ड्रेन तयार गर्ने, टेवा पर्खाल र ग्याबिन कामसँग सँगै नगर्दा बाटो दिगो र गुणस्तरीय समेत हुने देखिएन । उपभोक्ताले आफ्नै तरिकाले काम गर्ने र गाँउपालिकाले त्यसलाई सुधार नगरी उपभोक्तालाई रकम भुक्तानी दिने परम्पराले निर्माण भएको बाटोको गुणस्तरीयता सुनिश्चितता देखिएन साथै रकम लिने उदेश्यले मात्रै काम गर्ने संस्कृतिले प्रश्रय पाँउने देखिदा यसतर्फ गाँउपालिकाको गम्भिर ध्यान जानुपर्दछ । केही उदाहरण निम्न अनुसारका छन :

भौ.न.मिति	उपभोक्ताको नाम	विवरण	इष्टिमेट गर्दाको परिमाण	काम भएको परिमाण	दर
४३/०७५/२/२	सुकाचुरी मिरगाँउ सडक निर्माण उ.स.	soft soil	4375 m3	3074.29	53.06
		Hard soil	2187.50m3	4099.05	63.78
		ordinary rock	1312.50m3	6148.58	85.78
		medium rock	875.00m3	7173.34	132.33
		drain mannuly	330m3	143.00	401.70
		stone soiling	515.20m3	76.00	2132.50

दफा	विवरण						रकम
			gabinbox(2*1*1)	44 Box	4.00	7226.50	
	६७/०७५/२/१६	जुगेपानी गौरी भञ्ज्याङ्ग पहरी लेख रामपुर मोटरबाटो उ.स.	soft soil	11145m3	15352.50	53.06	
			Hard soil	5572.50m3	7676.25	63.78	
			ordinary rock	3343.50m3	4605.75	85.78	
			medium rock	2229.00m3	3070.5	132.23	
			drain mannuly	440.00m3	21.00	401.70	
			stone soiling	212.00m3	0.00	2132	
	१४०/०७५/३/२४	चन्दनपुर सातदोबाटो	soft soil	2226.71m3	9090.00	53.06	
			Hard soil	1113.35m3	6819.91	63.78	
			ordinary rock	185.56m3	3408.95	85.78	
			medium rock	185.56m3	3408.95	132.23	
			stone soiling	540.00m3	0.00	2132.50	
			gabin box	37.00m3	0.00	3689.60	
			gabin filling	17.00m3	0.00	11204.81	
२५	उपभोक्ता समितिलाई संम्भौता अनुसार निर्माण कार्य सम्पन्न भएपछि रकम उपलब्ध गराउदा उपभोक्ताले खरिद गरेको निर्माण सामाग्री, श्रम लगायतको बिल बिजक तथा बिल एंवम कार्य सम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्नुपर्दछ । तटबन्ध सम्बन्धी उपभोक्ताबाट भएको केही कामको श्रेस्ता परीक्षण गर्दा उपभोक्ताले खरिद गरेको परिमाण भन्दा बढी परिमाणको ग्याबिन जाली						

दफा	विवरण	रकम
	supplying Fabricating of gabion boxes(Heavy) Hexagonal Mesh size 100mm×120mm Box size(3×1.5×0.6, 2×1×1)including stone packing देखाई बढी भुक्तानी लिएको देखियो । तसर्थ निम्न अनुसारका उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकममा समानुपातिक कट्टी गरी रु.६,१२,३५६।८४ देहायअनुसार असुलउपर गर्नुपर्ने रु.	६१२३५६.८४

भौ.न.।मिति	उपभोक्ता समितिको नाम	साईज	प्रयोग हुने संख्या	हुनुपर्ने संख्या	बढी संख्या	दर	बढी भुक्तानी	समानुपातिक करकट्टी
१३१/०७५/३/२४	रामपुर बगर संरक्षण वडा नं.५	3×1.5×0.6	१२८	६६	६२	१०८५१.८३	६७२८१३.४५	५३८२५०.७५
१६०/०७५/३/२५	बिपद् व्यबस्थापन(तारजाली)	2×1×1	२०	१७	३	११०१२.०९	३३०३६.२७	२६४२९.०१
१६३/०७५/३/२५	तामासोर गोठडाडा मोटरबाटो नि.उ.स.	2×1×1	२८	२०	८	७४६३.४५	५९७०७.६०	४७६७७.०८
							जम्मा	६,१२,३५६।८४

दफा	विवरण	रकम
२६	उपभोक्तालाई संम्झौता अनुसार रकम भुक्तानी गर्दा लागत अनुमान अनुसारको दरमा बिल तयार भए नभएको जाँच गर्नुर्दछ । देहायका दुई उपभोक्तालाई निम्न अनुसारको काम गरे बापत रकम भुक्तानी गर्दा लागत अनुमान भन्दा बढी दरमा रकम भुक्तानी दिएको देखिएकोले बढी दरमा भुक्तानी दिएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुलउपर गर्नुपर्ने रु.	१५३८३८.२६

भौ.नं.।मिति	उपभोक्ता समितिको नाम	कामको बिवरण	भुक्तानी लिएको दर	भुक्तानी लिनुपर्ने दर	बढी दर	बढी भुक्तानी	समानुपातिक करकट्टी
१३८/०७५/३/२४	रामपुर बजार संरक्षण वडानं.५ तारजाली निर्माण उ.स.	मेशिन बाटो ड्रेन खन्ने काम ३७६२ घ.मी.	९८.८४	६३.७६	३५.०८	१३१९७०.९६	१०५५७६.७६
१६०/०७५/३/२५	बिपद् व्यवस्थापन तारजाली वाल निर्माण उ.स.	2×1×1 ग्याबिन बक्स १७ गोटा	११०१२.०९	७४६३.४५	४५४८.६४	६०३२६.८८	४८२६१.५०
						जम्मा	१५३८३८.२६

दफा	विवरण	रकम
२७	श्रोत व्यक्ति अच्युत कुमार दहालले नेपाली बिषयक शिक्षक क्षमता अभिबृद्धि तालिम तथा बालबालिका चेतनामुलक कार्यकम सञ्चालन गर्न लिएको पेश्की रु.५,९०,०००।०० फछ्र्यौटसँग सम्बन्धित फाँटवारी परीक्षण गर्दा निजले तालिम सञ्चालनको प्रतिवेदन तयार गरेको नदेखिएकाले सञ्चालित कार्यकमको प्रतिवदेन पेश गर्नुपर्ने रु.	५९००००.००

<table>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२८</td><td>आयकर ऐन,२०५८ को दफा ८८ मा परामर्श सेवा भुक्तानीमा १५ प्रतिशतको दरले अग्रिम करकट्टी गर्नुपर्ने व्यवस्था छ । दलित समुदायलाई बिभिन्न चेतनामुलक कार्यक्रम सँचालन गरेबापत दलित सेवा सँघलाई रु.२५००००।०० उपलब्ध गराएकोमा ऐन अनुसार १५ प्रतिशतको दरले रु.३७५००।०० अग्रिम करकट्टी गर्नुपर्नेमा छुट कर सम्बन्धितबाट असुलउपर गर्नुपर्ने रु.</td><td>३७५००.००</td></tr>
<tr><td>२९</td><td>वढी ग्रेड : सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तलव भत्ता निकासा दिंदा विद्यालयका शिक्षकको कितावखानाबाट पारित तलवीप्रतिवेदनका आधारमा विद्यालयको खातामा निकासा गर्नुपर्दछ । विद्यालय शिक्षक कितावखानाबाट पारित तलवी प्रतिवेदन अनुसार देहायका विद्यालयमा कार्यरत देहायका शिक्षकहरुको विद्यालय शिक्षक कितावखानावाट पारित तलवी प्रतिवेदनमा उल्लेख भएको भन्दा वर्षै भरि वढी ग्रेड भुक्तानी गरेको देखिएकोले वढी ग्रेड भुक्तानी गरेको रु ५३७२०।०० असुल गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>पारित ग्रेड रकम (मासिक)</th><th>भुक्तानी भएको ग्रेड रकम (मासिक)</th><th>वढी भुक्तानी रकम (क सं कोष सहित वार्षिक)</th></tr>
<tr><td>प्रा वि सुकाचुरी</td><td>प्रा शि मिन वहादुर वि क</td><td>१४७८.००</td><td>२९५६.००</td><td>२०९८८.००</td></tr>
<tr><td rowspan="2">मा वि मरिण हायुटार</td><td>प्रा शि सावित्री कुमारी दाहाल</td><td>२३४९.००</td><td>३१३२.००</td><td>११११९.००</td></tr>
<tr><td>प्रा शि टंकराज दाहाल</td><td>२३४९.००</td><td>३१३२.००</td><td>११११९.००</td></tr>
<tr><td>जनजाग्रिती प्रा वि वस्तिपुर</td><td>प्रा शि विनोद कुमार खड्का</td><td>२२१७.००</td><td>२९५६.००</td><td>१०४९४.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५३७२०.००</td></tr>
</table></td><td>५३७२०.००</td></tr>
<tr><td>३०</td><td>विद्यालयको लेखापरीक्षण: विद्यालय क्षेत्र विकाश कार्यक्रम कार्यान्वयन निर्देशिका २०७४ को कार्यक्रम संख्या २.१५.११ अनुसार सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गर्न आधारभुत तहका ३० विद्यालयहरुलाई रु ५४००।०० का दरले जम्मा रु १६२०००।०० र माध्यामिक तहका ४ विद्यालयहरुलाई ७०००।०० का दरले जम्मा रु.२८०००।०० समेत गरी कुल जम्मा रु १९००००।०० निकाशा दिएकोमा सामाजिक तथा आर्थिक लेखापरीक्षण गरी प्रतिवेदन दिएको देखिएन । निर्देशिकामा व्यवस्था भए बमोजिम विद्यालयहरुको आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>१९००००.००</td></tr>
<tr><td></td><td>वित्तिय समानिकरण तर्फ:</td><td></td></tr>
<tr><td>३१</td><td>नपाउने बैठक भत्ता: स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन, २०७५ को दफा ४ तथा अनुसुची १ मा न्यायिक समिति, बिधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यहरुले मात्र बैठक भत्ता पाउने उल्लेख छ । गाँउपालिकाले भौ.नं.६१,६४,६५,८२,८६,८९,१०३,१७५,१८२,१८९,२०१,२१९,२२५ र २२७ बाट गाँउपरिषद्,गाँउ कार्यपालिका तथा वडा समितिहरुको बिभिन्न मितिमा बैठक बसे बापत रु.१८१५०००।०० भुक्तानी लिएको देखिएकोले सम्बन्धित पदाधिकारीबाट कर रकम रु.२७२२५०।०० कट्टा गरी बाँकी रु.१५४२७५०।०० असुलउपर गर्नुपर्ने रु.</td><td>१५४२७५०.००</td></tr>
<tr><td>३२</td><td>बढी पेश्की फछ्र्यौट: कार्यक्रम वापतको पेश्की फछ्र्यौट गर्दा कार्यक्रममा उल्लेख भए अनुसार नै पेश्की फछ्र्यौट गर्नुपर्दछ । कार्यालयले यो वर्ष गो भौ नं १३० मिति २०७५।२।८ वाट प्रा स रघुनारायण श्रेष्ठको कृषि तर्फको कार्यक्रम पेश्की रु ३२०९८५।०० फछ्र्यौट गर्दा सिल्पोलिन प्लाष्टिक ७५ प्रतिशत अनुदानमा कृषकहरुलाई उपलब्ध गराउने कार्यक्रममा उल्लेख भएता पनि जयकाली कृषि फर्मवाट रु २७४९८५।०० मा ५० थान सिल्पोलिन प्लाष्टिक खरिद गरि कृषकहरुलाई बितरण गरेकोमा विल रकमको २५ प्रतिशतले हुने रु ६८७४६।०० कृषकहरुवाट व्यहोरिने हुंदा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td>कृषकहरुले व्यहोर्ने रकम रु ६८७४६।०० समेत पेश्की फछ्र्यौट गर्दा समावेश भएको देखिएकोले सम्वन्धितवाट असुलउपर गर्नुपर्ने रु.</td><td>६८७४६.००</td></tr>
<tr><td>३३</td><td>बिजबृद्धि कार्यकम अर्न्तगत मकैको बिउ, आलु जस्ता बिउबिजन खरिद गर्नुपुर्व सकेसम्म सरकारी बिउ उत्पादन केन्द्र यदि संभव नभएमा जिल्ला कृषि बिकास कार्यालयबाट तोकिएको स्रोत केन्द्रबाट प्रमाणित बिउ खरिद गर्नुपर्ने व्यबस्था छ । गाउपालिकाले सरकारी बिउ उत्पादन केन्द्रबाट बिउ भए नभएको सम्पर्क समेत नगरी युनिक सप्लायर्स, सिन्धुलीवाट १२०० किलो अरुण २ र २००० किलोग्राम मनकामना जातको मकैको बिउ खरिद गरी रु २७२०००।०० भुक्तानी गरेको देखियो । यसरी खरिद गरिएका बिउहरुवाट विज बृद्धि कार्यक्रमको उदेश्यसँग मेल खाने गरी गुणस्तर भए नभएको एकिन गर्न सकिएन । किसानहरुलाई गुणस्तरीय विउ विजन वितरण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३४</td><td>आयकर ऐन,२०५८ को दफा ८८ मा आपुर्तकबाट सामान खरिद गर्दा १.५ प्रतिशतको दरले अग्रिम करकट्टी गर्नुपर्ने व्यबस्था छ । गाउपालिकाले कृषकलाई अनुदान वा निशुल्क मिनिकिट, बिउबिजन तथा अन्य कृषिजन्य अनुदान उपलब्ध गराउदा देहायअनुसार १.५ प्रतिशत अग्रिम कर रु ९९३०। कट्टी गर्नुपर्नेमा कर कट्टी गरेको नदेखिएकोले सम्बन्धितबाट असुलउपर गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.।मिति</th><th>सामान आपुर्तक संस्थाको नाम</th><th>बिवरण</th><th>खरिद रकम</th><th>लाग्ने कर रकम</th></tr>
<tr><td>१२९-२०७५/२/८</td><td>कमलामाइ पोल्ट्री एण्ड फिड</td><td>चल्ला खरिद</td><td>१९००००.००</td><td>२८५०.००</td></tr>
<tr><td>१७६-२०७५/३/८</td><td>कमलामाई भेट सप्लायर्स</td><td>औषधि खरिद</td><td>७५०००.००</td><td>११२५.००</td></tr>
<tr><td></td><td>थापा वहुउद्देशिय पशुपालन फाराम</td><td>बोका खरिद</td><td>२०००००.००</td><td>३०००.००</td></tr>
<tr><td></td><td>महत डालेघांस तथा फलफुल नर्सरी</td><td>डालेघांसको विरुवा खरिद</td><td>६२०००.००</td><td>९३०.००</td></tr>
<tr><td>१३७-२०७५/२/१६</td><td>कमला भेट सप्लायर्स</td><td>औषधि खरिद</td><td>७५०००.००</td><td>११२५.००</td></tr>
<tr><td>२०३-२०७५/३/१९</td><td>सिद्धि विनायक कृषि सहकारी संस्था</td><td>बोका खरिद</td><td>६००००.००</td><td>९००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>६६२०००.००</td><td>९९३०.००</td></tr>
</table></td><td>९९३०.००</td></tr>
<tr><td>३५</td><td>खरिदार श्री यमलाल कडेललाई घ्याङलेख गाँउपालिका, सिन्धुलीबाट रमाना लिई २०७४।१०।९ मा सुर्खेत जि.स.स.को कार्यालयमा जाँदा पारिवारिक सरुवा भ्रमण भत्ता रु.२२१००।०० लिएको छ । निजको परिवारीक विवरण खुल्ने प्रमाण म.ले.प.फा.नं.१८९ प्रमाणित भएको नदेखिएकोले निजको भ्रमण खर्च बाहेक पारिवारीक भ्रमण खर्च रु.१३४००।०० निजबाट असुलउपर गर्नुपर्ने रु.</td><td>१३४००.००</td></tr>
<tr><td></td><td>आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट कायम भएका थप ब्यहोराहरुः</td><td></td></tr>
<tr><td>३६</td><td>गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भरि लागु हुने गरी आर्थिक ऐन, २०७४ स्वीकृत गरी लागु हुने निर्णय गरेको देखिन्छ । उक्त आर्थिक ऐनमा आफ्नो क्षेत्राधिकार भरि एकिकृत सम्पत्तिकर, घर बहाल कर, व्यवसाय कर, सवारी साधन कर, पार्किङ्ग शुल्क आदि कर संकलन गर्ने व्यवस्था रहेकोमा सेवा शुल्क दस्तुर मात्र संकलन गरी संचित कोषमा दाखिला गरेको देखियो । ऐन जारी गरी लागु समेत गरेको अवस्थामा अधिकांश करहरु संकलन गरेको नदेखिएकोले कार्यान्वयन पक्ष कमजोर देखियो साथै कर तथा शुल्क संकलन कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ भनिएकोमा सो कार्यविधि बनाई लागु गरेको समेत देखिएन ।</td><td></td></tr>
</table>

दफा	विवरण	रकम
३७	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक दशलाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्दा वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था रहेकोमा गाउँपालिकाबाट यस आर्थिक वर्षमा सो को कार्यान्वयन गरेको देखिएन ।	
३८	गाउँपालिकाले स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रथम, दोश्रो र तेश्रो गरी तीनवटै चौमासिकमा सञ्चालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सो को लागि लाग्ने बजेट सिमा निर्धारण गरिए बमोजिम बजेट खर्च गर्नु पर्ने व्यवस्था भएकोमा गाउँपालिकाबाट प्रायःजसो सबै कामको तेश्रो चौमासिक अवधिको आषाढ महिनामा नै रकम खर्च गरेको देखिएकोले यस्तो कृयाकलापबाट प्रभावकारी, मितव्ययी एवं गुणस्तरीय किसिमले कार्य सञ्चालनमा बाधा पुग्न जाने हुँदा चौमासिक अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्ने हुन्छ ।	
३९	भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी/ कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार खर्च सोधभर्नाको बिल दावीसाथ भ्रमण प्रतिवेदन समेत सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेकोमा अधिकांश दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानीमा भ्रमण प्रतिवेदन संलग्न रहेको देखिएन ।	
४०	सरकारी सम्पत्ति जिन्सी श्रेस्ता व्यवस्थापन तर्फ कतिपय दाखिला र निकारी नम्बर कायम गरेको नदेखिएको, कतिपय सामान दाखिलाको दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नं. लेखेको नदेखिएको, कतिपय सामान जिन्सी खातामा दाखिला गर्न छुट भएको र एउटै किसिमका जिन्सी सामानहरु पनि अलग-अलग जिन्सी पानामा दाखिला गरेको समेत देखिएकोले नियमनुसार जिन्सी श्रेस्ता दुरुस्त राख्नु पर्ने देखिन्छ ।	
४१	बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले कार्यक्रम र बजेट निर्माणमा रु.५०००००/०० भन्दा माथिका योजनाहरु मात्र तयार गरी कार्यक्रम बनाउन निर्देश गरेकोमा सो को प्रभावकारी कार्यान्वयन भएको देखिएन ।	
४२	सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम रु एकलाख भन्दा बढीको खरिद गर्दा नियमानुसार लागत अनुमान तयार र स्वीकृती गरि खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा केहि सोझै खरिदमा लागत अनुमान तयार र स्वीकृत गरेको देखिएन ।	
४३	केहि योजनाको कार्य सम्पन्न तेश्रो चौमासिकमा मात्र भएको अभिलेखबाट देखिन्छ । उपभोक्ता समितिसँग योजना सम्झौता गर्दा सम्पन्न गर्नु पर्ने म्याद समाप्त भै सकेपश्चात फाइनल विल माँग गरेका योजनाहरुको समेत नियमानुसार म्याद थप नगरी अन्तिम बिल भुक्तानी गरेको देखिएकोले प्रचलित कानुन अनुसार म्याद थप गरेर मात्र बिल भुक्तानी गर्नु पर्ने देखिन्छ ।	
४४	विपद् व्यवस्थापन कोषमा यस वर्ष गाउँपालिकाले रु २००००००।० रकम विनियोजन गरि सोहि रकम कोषमा दाखिला गरि नियमानुसार कोषबाट रु १९००००।० खर्च गरि कोषमा रु १८१००००।०० मौज्दात रहेको देखिन्छ । कोष व्यवस्थापनका लागि कार्यविधि तयार गरी कोषलाई सकृय बनाउनुपर्दछ ।	
४५	सशर्त अनुदान तर्फ रु. ६,५२,५०,०००/०० बजेट निकासा भएकोमा कुल रु. ५,९१,६२,४३५/८० बजेट खर्च गरी बाँकी रहेको रु. ६०,८७,५६४/२० कोष तथा लेखा नियन्त्रक कार्यालय, सिन्धुलीमा फिर्ता गरेको देखिन्छ ।	
४६	आर्थिक वर्षको अन्त्यमा समेत निम्न बमोजिमको संस्थागत तथा व्यक्तिगत पेश्की बाँकी रहेको देखिएकोले नियमानुसार तपसिल बमोजिमको पेश्की फर्छ्यौट गर्नु पर्ने रु. पेश्की प्रयोजन / मिति / पेश्की लिनेको नाम / पेश्की रकम रु. एम्बुलेन्स खरीद / २०७५/०१/२० / ने.रे.सो.उपशाखाध्यांङ्गलेख / १२,००,०००/०० कार्यक्रम पेश्कि / २०७४/१२/१५ / सामुदायिक सिकाइ केन्द्र बस्तिपुर / ५००००/०० विविध / / २ नं वडा अध्यक्ष एक बहादुर खड्का / ५००००/०० विविध / / गा पा प्रमुख जगत बहादुर भोलन / ५००००/००	१३७५०००.००
४७	सशर्त अनुदान (शिक्षा शाखा) बिद्यालयहरुमा कार्यरत शिक्षक/कर्मचारीहरुको तलब भता अनुदान निकासा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक आदिको रकम बिद्यालयको बैंक खातामा निकासा दिएको देखिन्छ । तत्कालिन जिल्ला शिक्षा कार्यालयले गर्दै आएको कामको जिम्मेवारी स्थानीय तहमा जाँदा जिल्ला शिक्षा कार्यालयमा भएका सम्बन्धित	

दफा	विवरण	रकम
	स्थानीय तह भरिका बिद्यालय, बाल विकास केन्द्र, सामुदायिक सिकाई केन्द्र एवं कार्यरत शिक्षक/कर्मचारीहरुको आधिकारिक अभिलेख विधिवत् रुपमा स्थानीय तहलाई हस्तान्तरण गरेको देखिएन साथै शिक्षा तर्फका कार्यक्रमहरु सञ्चालन गर्न एक जनामात्र निजामती सेवा तर्फका कर्मचारीलाई खटाएको देखियो । जसले गर्दा अभिलेख, भिडान र सहजिकरणमा कठिनाई देखिएको छ । बिद्यालयबाट प्राप्त चौमासिक माँग फाराममा श्रोत व्यक्तिको सिफारिसको आधारमा शिक्षक, कर्मचारीहरुको चौमासिक तलब भत्ता सम्बन्धित बिद्यालयको बैंक खातामा निकासा दिएको देखियो । स्थानीय तहमा अन्य अभिलेख व्यवस्थित किसिमले नभएको कारणले नियुक्ति, सरुवा, रमाना, स्वेच्छिक अवकाश, अनिवार्य अवकाश, मृत्यु खाली आदि आदि भएका शिक्षकहरुको सो अवधिको चौमासिक निकासा बिद्यालयको बैंक खातामा पुरै अवधिको गएकोमा पछिल्लो चौमासिक रकम निकासा दिंदा अभिलेख भिडान गरी कटाउनु पर्ने देखिन्छ र निवृत्त शिक्षकहरुको औषधि उपचार, संचित बिदा तथा उपदान वापतको रकम सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाटै भुक्तानी हुने प्रावधान राखिएकोले नियन्त्रण गर्न निकै कठिनाई देखिएको हुँदा सेवा निवृत्त पश्चातको सुविधा रकम भुक्तानी र अन्य चौमासिक तलब भत्ता अनुदान निकासा अनिवार्य रुपमा एउटै निकायबाट कार्यान्वयन गरेमा मात्र नियन्त्रण व्यवस्था प्रभावकारी हुने देखिन्छ ।	
४८	साना सिंचाई कार्यक्रमः यस कार्यक्रम तर्फ नेपाल सरकार श्रोतको रु १००००००।० र एस.डि.सी. सोझै भुक्तानि श्रोत तर्फ रु १२१००००।०० समेत जम्मा रु २२१००००।० को कार्यक्रम र बजेट रहेकोमा नेपाल सरकार श्रोत तर्फ निकासा खर्च भएको देखिएन साथै एस.डि.सी. श्रोत तर्फ रु ६३६०००।०० ड्राफ्टबाट प्राप्त निकासा रकम संचित कोषमा मौज्दात रहेको छ । रकम खर्च नभएकोले सोझै भुक्तानि बापत निकासा प्राप्त रकम समेत बार्षिक आर्थिक विवरणमा निकासा देखाइएको छैन ।	
४९	आन्तरिक श्रोत तर्फः बजेटमा आन्तरिक श्रोतको अनुमान रु ५०००००।० गरेकोमा रु ६३९६१५।५० असुली भै १२८५ प्रगति देखिएको छ । आन्तरिक श्रोत परिचालनको अंश न्युन देखिएकोले आन्तरिक श्रोत बढाउने तर्फ गाउँपालिकाले विशेष ध्यान दिनु पर्ने देखिन्छ ।	
५०	आन्तरिक श्रोतको रकम संकलन र संचित कोष खातामा दाखिला गर्ने आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउनु पर्ने देखिन्छ । वार्षिक रुपमा आन्तरिक श्रोतको रकम संकलन गर्न नियमानुसार ३ प्रति छापिएका नगदी रसीदहरुमा क्रमबद्धरुपमा रसीद नं. कायम गरी सबै नगदी रसीदहरु गाउँपालिकाको रसीद नियन्त्रण खातामा आम्दानी बाँधेर वडा कार्यालयहरुमा आधिकारिक जिम्मेवारी तोकिएको कर्मचारीलाई मात्र बुझाई संकलन भएको रकम वडा कार्यालयको जिम्मेवार कर्मचारीहरुबाट नियमानुसार बुझिलिई संचित कोष खातामा समय मै दाखिला गर्ने प्रवन्ध गाउँपालिकाले मिलाउनु पर्ने र संकलन भएको सम्पूर्ण रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय संचित कोष खातामा अनिवार्य दाखिला गराई आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउनु पर्ने देखिन्छ ।	
५१	(तलको तालिका र टिप्पणी हेर्नुहोस्)	

क्र.सं.	कोषको नाम	गत आ.व.को अ.ल्या.रु.	चालु वर्षको आम्दानी रु.	जम्मा आम्दानी रु.	खर्च रु.	बाँकी रु.
१	कर्मचारी कल्याण कोष	०/००	०/००	०/००	०/००	०/००
२	विपद व्यवस्थापन कोष	०/००	२००००००/००	२००००००/०	१९००००/०	१८१००००/०
३	मर्मत सम्भार कोष	०/००	०/००	०/००	०/००	०/००
४	आन्तरिक कोष	०/००	०/००	०/००	०/००	०/००

क) गत विगत आ.व.देखिको साविक गा.वि.स.मा रहेको कर्मचारी कल्याण कोष लगायत अन्य कोष तर्फको रकम गाउँपालिकामा आम्दानी हुन आएको नदेखिएकोले साविक गा.वि.स.मा रहेको उक्त कोषको रकम गाउँपालिकामा ट्रान्सफर गरी आम्दानी बाँध्नु पर्ने देखिन्छ ।

दफा	विवरण	रकम
५२	गाउँपालिकाको बेरुजुको लगत किताब अद्यावधिक देखिएको छ । लगत किताब अनुसार गाउँपालिका तर्फ लगती बेरुजु रु १५०९९८१।०० देखिएको छ । यस आर्थिक बर्षमा फछ्र्यौट गरेको नदेखिएकोले गत आ.व. कै बेरुजु यथावत कायम रहेको छ । नियमानुसार वेरुजु फछ्र्यौट गर्नुपर्ने देखिन्छ साथै साविक गा.वि.स.हरुको बेरुजु अभिलेख नदेखिएकोले बेरुजु भए नभएको एकिन गरी बेरुजु बाँकी भएमा नियमानुसार फछ्र्यौट गर्नु पर्ने देखिन्छ ।	
५३	मासिक रुपमा वित्तिय प्रतिवेदनहरु तयार गरी श्रेस्ताले देखाएको बैंक मौज्दात सम्बन्धित बैंकको स्टेटमेन्टसँग अनिवार्य रुपमा सोही महिनामै भिडान गरी श्रेस्ता दुरुस्त राख्नु पर्ने देखिन्छ ।	
५४	सामाजिक सुरक्षा, राजश्व, धरौटी, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ उल्लेख गर्नु पर्ने विषय देखिएन ।	
५५	**संम्परीक्षण:** आर्थिक बर्ष २०७३।०७४ को म.ले.प.को प्रारम्भिक प्रतिवदेनको दफा नं.२६ मा उल्लेख भएको दुर्गा देवी सुनुवारको नाममा बांकी रहेको पेश्की बेरुजु रु.१५००००।०० को सम्बन्धमा गाँउपालिकाले फाँटवारीको आधारमा बेरुजु फछ्र्यौट गरी संम्परीक्षणको लागि अनुरोध गरेकोमा सोही आधारमा संम्परीक्षण गरिएको छ ।	
५६	**बित्तिय जवाफदेहीताको स्थिति:** लेखापरीक्षण योजना तथा कार्यकमको अनुसुची ११ अनुसार कार्यालयको बित्तिय जवाफदेहिताको मूल्यांकन गरी ४ तहमा ग्रेडिङ गर्नुपर्ने व्यवस्था छ । कार्यालयको व्यवस्थापकिय पक्ष, बित्तिय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन/बिकास निर्माणको ५/५ सुचांकको सम्बन्धमा कार्यालयको अभिलेख तथा आर्थिक कारोबारको परीक्षण एवं व्यबस्थापन पक्षसँग छलफल गरी मूल्याकंन गर्दा निम्ननानुसार सुचकहरुबाट ५९ अकं अर्थात सि ग्रेड (राम्रो) तह देखियो । कार्यालयले देहायको जवाफदेहिता मूल्यांकन सुचांकमा ५ अकं भन्दा कम प्राप्त गरेको पक्षमा आगामी दिनमा सुधार गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।	
५७	**बेरुजु-** गाँउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो बर्ष असुल गर्नुपर्ने बेरुजु रु.२४ लाख ९२ हजार, प्रमाण कागजात पेश नभएको बेरुजु रु.७ लाख ८० हजार र पेश्की बांकी देखिएको रु.१३ लाख ५० हजार समेत रु.४६ लाख ९७ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट रु.७५ हजार ९०० फछ्र्यौट भई रु.४६ लाख २२ हजार बेरुजु कायम भएको छ ।	
५८	**अनुगमन तथा मुंल्याकन:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यबस्था गरेकोमा निम्नानुसार देखिएको छ । <table><tr><td>गत बर्षको बेरुजु रकम(A)</td><td>यो बर्षको फछ्र्यौट(B)</td><td>बांकी(C=A-B)</td></tr><tr><td>१५,०९,९२१.००</td><td>०.००</td><td>१५,०९,९२१.००</td></tr></table>	
५९	**अद्यावधिक बेरुजु स्थिति:** गाँउपालिकाको आर्थिक बर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ: <table><tr><td>गत बर्षको फछ्र्यौट गर्न बांकी(C)</td><td>यो बर्ष सम्पंरीक्षणबाट कायम बेरुजु(D)</td><td>यो बर्ष कायम बेरुजु(E)</td><td>बांकी(F=C+D+E)</td></tr><tr><td>१५,०९,९२१.००</td><td>०.००</td><td>४६,२१,७६६.१०</td><td>६१,३१,६८७.१०</td></tr></table>	

अनुसूची- १

घ्याङ्लेख गाँउपालिका सिन्धुलीको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७४।७५

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	सिन्धुली	घ्याङ्लेख गाँउपालिका	३६	१४	४६९७	०	२	७६	३६	१२	४६२२	२४९२	०	७८०	-	-	७८०	१००	१२५०	१३५०

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण
२०७४।७५

प्रदेश नम्बर :- तिन (३)

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	घ्याङ्लेख गाँउपालिका	सिन्धुली	६०८६	१३४४९४	८६२८०	९८८	२२१७६२	२२२३२	७१७१३	८५९०३	१७९८४८	४८००१